सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक २४० ♦ २०८२ साल वैशाख १ गते सोमवार ♦ 14 April 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेश प्रदेश सभाको चौथो अधिवेशन अन्त्य

**खबर दर्पण समाचारदाता**

**चैत्र ३१ गते, बर्दिवास**

मधेस प्रदेशका प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रदेशसभाको चौथो अधिवेशन अन्त्य गरेकी छन् । प्रदेश प्रमुखको कार्यालयले आज एक सूचना जारी गर्दै प्रदेशसभाको चालु चौथो अधिवेशन चैत ३० गते राति १२ बजेदेखि लागु हुने गरी अन्त्य गरिएको जानकारी गराइएको छ ।

**के के भए चौथो अधिवेशनमा उपलब्धि ?**

प्रदेशसभाको चौथो अधिवेशनबाट ३ वटा ऐनहरु पारित भएका छन्। प्रदेश बाल अधिकार ऐन २०७९ (पहिलो संशोधन), प्रदेश कृषि विकास विधेयक र मधेस पर्यटनको विकास र प्रवर्द्धन गर्न सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित भएका हुन् ।

त्यस्तै चौथो अधिवेशनबाट चार वटा विधेयक छलफलका लागि समितिमा पठाइएको छ। प्रदेश बिउ विजन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१, प्रदेश व्यापार तथा व्यवसाय प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश निती आयोग गठन तथा कार्य सञ्चालन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधयक र गाउँ सभा/नगर सभा/जिल्ला सभाको कार्य सञ्चालन (कार्यविधि) ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक लाई समितिमा पठाइएको जनाइएको छ ।

त्यस्तै, चौथो अधिवेशनबाट प्रदेश निजामति सेवा ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०८१ दर्ता प्रकृयामा गएको छ भने मधेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा प्रस्तुत गरिएको छ ।

त्यस्तै चालु अधिवेशनमा प्रदेशसभामा पेश भएको प्रदेशको सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८१ विवादित बनेपछि प्रदेशसभाबाट फिर्ता लिइएको थियो ।

हाल प्रदेश सभा बैठक अर्को सूचना नहुनजेलसम्मका लागि स्थगित रहेको छ ।




## नव वर्ष २०८२ शुभकामना

## जिल्ला समन्वय समिति, महोत्तरी

नव वर्ष २०८२ अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**सुमन कर्ण**
अध्यक्ष
जिल्ला समन्वय समिति महोत्तरी

सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं । भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं ।

## जनमत पार्टीद्वारा आफ्नै सरकारविरुद्ध सडक प्रदर्शन



**खबर दर्पण समाचारदाता**

**चैत्र ३१ गते, बर्दिवास**

मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीले आइतबार जनकपुरधाममा आफ्नै सरकारविरुद्ध सडक प्रदर्शन गरेको छ। जनकपुरस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अगाडि आयोजित प्रदर्शनमा पार्टीका शीर्ष नेतादेखि कार्यकर्ता र समर्थकहरूको उल्लेख्य उपस्थिति रहेको थियो। प्रदर्शनमा सहभागीहरूले 'भ्रष्टाचारविरुद्ध कडा कारबाही गर', 'योजना खरिद-बिक्री बन्द गर', 'जनकपुरको सार्वजनिक सम्पत्ति जोगाऊ', 'धनुषा-३ मा विभेद बन्द गर' जस्ता नारा लेखिएका प्लेकार्ड बोकेर मुख्यमन्त्री कार्यालयको घेराउ गरे। उनीहरूले बजेट वितरणमा विभेद, योजनामा पारदर्शिताको अभाव र भ्रष्टाचारविरुद्ध कडा कदम चाल्न माग गरे।

जनमत पार्टीका नेता डा। प्रशन्नकुमार झाले जनकपुर धाममा सञ्चालित योजनाहरूको खरिद-बिक्री प्रक्रियामा गम्भीर अनियमितता भएको आरोप लगाए। उनले प्रदेश सरकारका केही मन्त्रीहरू नै यसमा संलग्न भएको दाबी गर्दै भने, "जनमत पार्टी भ्रष्टाचारविरुद्ध शून्य सहनशीलताको पक्षमा छ। चाहे हाम्रै पार्टीका मन्त्री किन नहोस्, जनताको करको पैसा लुट्न दिइँदैन।"

डा। झाले धनुषा-३ मा योजनाबाट बञ्चित गरिएकाले त्यहाँ गम्भीर असन्तोष बढेको बताए। उनका अनुसार पुरक बजेटबाट समेत उक्त क्षेत्रमा कुनै योजना नल्याइएकाले समानताको सिद्धान्त उल्लंघन भएको हो। "विकास योजनामा भेदभाव गर्न मिल्दैन, सबै क्षेत्रलाई समान रूपमा हेर्नुपर्छ," उनले जोड दिए।

प्रदर्शनकारीहरूले मुख्यमन्त्री सतिशकुमार सिंहलाई ७ बुँदे ज्ञापनपत्र बुझाएका छन्। ज्ञापनपत्रमा जनकपुरधामका धार्मिक, ऐतिहासिक तथा सार्वजनिक सम्पत्तिको संरक्षण, अतिक्रमणको अन्त्य, योजनामा पारदर्शिता, बजेटको न्यायोचित वितरण, भ्रष्टाचारमा संलग्न मन्त्रीहरूको राजीनामा र छानबिन आयोग गठनको माग समेटिएको छ।



# वैशाख १ गते मात्र फूल्ने अनौठो फूल मेला

**अजयकुमार साह**

**बैशाख १ गते, बर्दिवास**



सौन्दर्यको प्रतीक फूल मन नपराउने को होला ? सिरहाको सलहेश फूलबारीमा रहेको रुखमा वर्षको एकपटक मात्रै नयाँ वर्षको दिन फुल्ने एउटा दुर्लभ फूल हेर्न अहिले नेपाली मात्रै नभएर भारतीय पर्यटकको पनि भीड लागेको छ।

इसाको छैटौं र सातौँ शताब्दीदेखि फुल्दै आएको त्यो चमत्कारी फूल वैशाख १ गतेका दिन बिहानीपख फुल्छ र साँझपख ओइलाएर जान्छ, जो आफैमा एउटा आश्चर्य हो।

दलितमध्ये अति पिछडिएको दुसाद जातिको कुलदेवता तथा अन्तराष्ट्रियस्तरमा पूजनीय रहेको वीरगाथाका वीर पुरुष सलहेशको जीवन गाथासँग जोडिएको त्यो फूल फुल्ने रूख प्रश्न वनस्पतिविद्का लागि अध्ययन र अनुसन्धानको विषय बनेको छ।

मधेस प्रदेस अन्तर्गत पूर्वपश्चिम राजमार्गको लहानबजारदेखि पश्चिम र मत्स्यपालन केन्द्रदेखि दक्षिणमा रहेको प्रसिद्ध धार्मिक एवम् ऐतिहासिक सलहेश फूलबारीमा प्रत्येक वर्षको पहिलो दिन त्यो दुर्लभ फूल फुल्ने गर्दछ। धार्मिक पर्यटकीय स्थलको रूपमा रहेको १ वैशाखमा मात्र फुल्ने फूल हेर्न र पूजाअर्चना गर्न दर्शनार्थीहरूको आज बिहानैदेखि भीड लागेको छ।

फूलबारीभित्र रहेको राजा सलहेश र मालिनीको गहवर ( मन्दिर)मा पूजाअर्चना गर्न र मन्दिरसँगै टाँसिएको हारम जातको रूखमा हरेक वर्ष नयाँ वर्षमा मात्र फूल्ने जनविश्वास छ।

तराईका पासवान जातिको इष्टदेव मानिने सलहेशको पूजा गर्नाले मनोकांक्षा पूरा हुने, सन्तान प्राप्ति, चर्म र ोगलगायतका रोगब्याधि नलाग्ने जनविश्वास छ। फूलबारीभित्र दुर्लभ जातिका जडिबुटी खोज्न भारतको विहार, पश्चिम बंगाल, नेपालको सिरहा, सप्तरी, उदयपुर, धनुषालगायतका जिल्लाबाट हजारौंको संख्यामा दर्शनार्थीहरू आउने गर्दछन्।

हरेक वर्षको १ वैशाखमा मात्र पूजा हुने सलहेश फूलबारीमा भव्य मेला समेत लाग्ने गर्दछ। सलहेश गाथामा उल्लेख गरिएअनुसार तेह्रौँ शताब्दीका लोकनायक सलहेश र विराट राजाकी छोरी मालिनीबीच प्रगाढ प्रेम सम्बन्ध रहे पनि प्रेम असफल भएपछि सलहेशको प्रतीक्षा गर्दै मालिनी मालाको रूपमा १ वैशाखमा फुल्ने गरेको सलहेश गहवरका पुजारी हरिसिंहदेव दनुवार बताउँछन्।

**यस्तो छ सलहेशको इतिहास**

१३ औ शताब्दीमा मिथिलाको मैसोथा भन्ने ठाँउमा सलहेश जन्मिएका थिए। मैसोथा हालको सिरहा नगरपालिका हो। सलहेश जन्मिने कालमा मिथिलामा सामाजिक र राजनीतिक अराजकता ब्याप्त थियो।

स-सना ग्रामपिताबचको अन्तर द्वन्द्वले आम जनता पिल्सिएका थिए। सलहेशले तात्कालिन समान्त विरुद्ध सुसंगठित शक्तिको निर्माण गरेर सबैलाई परास्त गर्दै राज्य स्थापना गरे।

पूर्वमा कोशी पश्चिममा गण्डकी उत्तरमा चुरे पर्वत श्रृखला र दक्षिणमा गंगासम्मको मैदानी भागमा सलहेशको शासन सत्ता स्थापना भयो। बाहिरी आक्रमणकारीबाट यी क्षेत्रलाई सुरक्षित बनाउन सलहेशले अत्यन्त कुशल र युद्धकलामा निपुण सैन्य शक्ति स्थापना गरेका थिए।

गाम जनताको जिविकाको माध्यम कृर्षि र पशुपालन तथा प्राकृतिक श्रोत साधनमा आमजनातको पहुचलाई सुनिश्चित पारेका थिए।

बिकेन्द्रिकृत शासन प्रणालीको स्थापना, न्याय प्रणालीलाई विश्वसनिय र छरितो बनाउन सहलेश आफ्ना योगदानका कारण देवताका रूपमा पूजित छन्। सयौ बर्ष बितिसक्दा पनि सहलेशलाई मिथिलाको प्रत्येक गाँउमा मन्दिर स्थापना गरि लोक नायकको रुपमा पूजा गर्ने गरिन्छ।

पछिल्लो समयमा सलहेशलाई दलित जातका दुसाध जातीको रुपमा अपब्याख्या गरिने कार्य भयो। तत्कालिन अवस्थामा अछुत मानिएको दुसाधको मात्र देवता सलहेशको योगदानलाई अस्वीकार गर्ने अभिजातिय सोचको परिपाटी थियो।

सहलेश मिथिला र नेपालको भूमिलाई वाह्य आक्रमणबाट रक्षा गर्ने देशभक्त थिए। मिथिलाको साँस्कृतिक परिचय सलहेश विना अपुरो हुन्छ। सलहेशको व्यतित्वको आकर्षणको प्रभावमा अहिले पनि सम्पूर्ण मिथिला क्षेत्रमा रहेको छ।

**सलहेशको समाजमा प्रभाव**

तत्कालिन समाजमा सलहेश अन्यन्त न्यायप्रेमी शासक मानिएका छन्। जातिय द्वन्द्व चर्किएको बेलामा सलहेशले सबैलाई संगठित गरेका थिए। सबै जात जातीले सलहेशको नेतृत्वलाई स्वीकार गरेका थिए। मिथिला समाजमा सलहेश र उनका सहयोगी पात्रलाई सयौ बर्ष बितिसक्दा पनि कसैले बिर्सिएका छैनन्।

सलहेशलाई न्यायको प्रतिमूर्ती मान्छन्,भने कुनै पनि इच्छा रोग भोक ऋण, पीडाबाट मुक्तिको लागि अहिले पनि सलहेशको भाकल गर्ने परम्परा छ। सलहेशका भाई मोतिरामलाई पहलमानहरु स्मरण गरि मात्र अखडामा उत्रन्छन्।

वनबाट काठ र अन्य उत्पादित समाग्री ल्याउन जानेहरु हिंर्सक बन्यजन्तुसंग बँच्न सलहेश भान्जा करिकन्हा। बहिनी बनसप्तीको पूजा गर्दछन्। अर्थात मिथिलाको समाजिक जीवन सलहेशको प्रभाव व्यापक विस्तृत छ।

**किरातसँगको सम्बन्ध**

मिथिलामा सलहेशले राज्य स्थापना गरिसकेपछि सबैभन्दा ठूलो चुनौति जनतालाई एक जुट बनाउनु र यसैको बलमा सीमालाई सुरक्षित पार्नु थियो। मिथिलालाई गण्डक, गंगा र कोशीले एक प्रकारको सुरक्षा चक्र प्रदान गरेको थियो।

उतर तिरबाट मात्र मिथिलामा आक्रमण हुन सक्ने बढी खतरा थियो। तिब्बत र भुटानका नरेश संगको संलग्नता र मिथिलाका खुंखार डाँकु (दस्यु) चुहरमलको सहयोगमा पटक पटक आक्रमण भईरहेको थियो। मिथिलाको समथर भूमि अन्न र पशुधनको दृष्टिले अत्यन्त समृद्ध रहेको हुँदा आक्रमणकारीहरुले यस क्षेत्रमाथि आँखा गाडेका थिए। आक्रमणगरि फर्कने तिब्बती सैनिकहरु महाभारत पर्वत श्रृखलामा बसोबास रहेको किरातीहरुलाई पनि लुटपाट गर्दथे। अर्थात मिथिला र किराँत दुवै समान रुपमा आक्रमणको पीडा भोग्न बाध्य थिए।

त्यति बेला मैथिल र किराँत संयुक्त सैन्य निर्माण गर्ने र सामूहिक शत्रुलाई सामुहिक प्रतिवाद गर्ने सलहेशको प्रस्ताव किराँती सैन्य पति केबला किराँतले स्वीकार गरे। केही दिनपछि पकरियागढ र तरेगनागढको लडाईमा तिब्बत भुटान र चोहरमलको संयुक्त सैन्य शक्तिलाई परास्त गरि भुटानी नरेश सुंगलाई सलहेश बन्दी बनाउन सफल भएका थिए।

अर्थात् किराँतसँगको संयुक्त सैन्य निर्माणपछि बाह्य आक्रमणकारी पराजित पनि हुन थालेका थिए। तर त्यसैकारण भयभित हुन थालेका थिए। यी क्षेत्रहरु सुरक्षित हुन थालेको थियो।

सलहेशका उपसाकहरु,उनलाई देवताका रुपमा पूजा गर्नेहरु,मन्दिर स्थापना भएका ठाँउहरुमा अहिले पनि सैन्य भेषमा मंगोलियन अनुहार देखिन्छ। त्यो केबल किराँती हो। मिथिला अहिले पनि आठसय बर्ष अगाडी स्थापित सम्बन्धलाई उतिकै सम्मान गरेको छ।


## नव वर्ष २०८२ शुभकामना



नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**माननीय शारदा देवी थापा**
मधेस प्रदेश सभा सदस्य
**महोत्तरी १ (क)**

## नव वर्ष २०८२ शुभकामना

## जलेश्वर नगरपालिका, महोत्तरी



नव वर्ष २०८२ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सुरेश साह सोनार**
मेयर
**जलेश्वर नगर**
पालिका, महोत्तरी

**सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं । भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं ।**

## नव वर्ष २०८२ शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

"गुणस्तरीय स्वास्थ्य सेवा हाम्रो प्रतिबद्धता"
शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
SHUBHA SWOSTIK HOSPITAL PVT. LTD.

**शुभ स्वस्तिक हस्पीटल, वर्दिवास महोत्तरी**

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शभकामना व्यक्त गर्दछौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना**

**वर्दिवास, महोत्तरी (परिवार)**

# गंगासागर पोखरी क्षेत्रका संरचनागत कार्य रोक्न गुठी संस्थानको आदेश

**खबर दर्पण समाचारदाता**

**चैत्र ३१ गते, बर्दिवास**

गुठी संस्थान शाखा कार्यालय जनकपुरधामले रामनारायण मिश्र स्मारक समितिलाई गंगासागर पोखरीको डिलसँग जोडिएको जग्गामा बिना नक्सा पास संरचना निमार्ण नगर्न आदेश दिएको छ। यो निर्णय गुठी संस्थानको कार्यालय प्रमुख आनन्दप्रसाद कर्माचार्यद्वारा गरिएको हो।



श्री
गुठी संस्थान
शाखा कार्यालय
(जनकपुरधाम)

संख्या:- ०८१/०८२
चलानी नं :- ४०१
मिति:-

श्री किशोरी साह
संयोजक रामनारायण मिश्र स्मारक समिति
जनकपुरधाम, उपमहानगरपालिका वडा नं. ४

विषय : निमार्ण कार्य रोक्का सम्बन्धमा।

प्रस्तुत विषयमा यस कार्यालय अर्न्तगत रहेको गंगासागर पोखरीको डिल संग जोडिएको जग्गामा तपाई संयोजक भएको रामनारायण मिश्र स्मारक समितिबाट नियमानुसार नक्सा पास बिना नै केही संरचना निर्माण गर्न लागिएका भन्ने समेत जानकारी प्राप्त भएको हुदाँ सो सम्बन्धमा गुठी तैनाथी जग्गा मा रहेको पोखरी र डिलको क्षेत्रफल एकिन गरी मात्र निमार्ण काय गर्नुपर्ने हुदाँ सो नहुदाँ सम्म कुनै पनि संरचना निमार्ण कार्य नगरी नगराईदिनु हुन अनुरोध गर्दछु।

बोधार्थ
श्री जनकपुरधाम उपमहानगर पालिका नगर कार्यपालिको कार्यालय जनकपुरधाम, धनुषा।
श्री जिल्ला प्रशासन कार्यालय जनकपुरधाम, धनुषा।
श्री जनकपुरधाम उपमहानगरपालिका वडा न. ४ को कार्यालय जनकपुरधाम, धनुषा।

समितिले गंगासागर पोखरी क्षेत्रको डिलमा संरचना निर्माण गरिरहेको बेला गुठी संस्थानले उक्त क्षेत्र धार्मिक र ऐतिहासिक महत्त्व राख्ने भएकोले यस आसपासका संरचनामा विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको जनाएको छ। गुठी संस्थानका कार्यालय प्रमुख कर्माचार्यले उक्त स्थानमा पोखरी र डिलको क्षेत्रफल निर्धारण नगरी कुनै प्रकारको संरचना निमार्ण गर्नु अवैध हुने बताए। गुठी संस्थानको आदेश अनुसार रामनारायण मिश्र स्मारक समितिलाई सो क्षेत्रको आवश्यक मापदण्ड निर्धारण गरेपछि मात्रै कुनै निर्माण कार्य गर्न अनुमति दिइने जनाइएको छ। समितिलाई तत्काल निर्माण काम रोक्न आदेश दिइएको छ।

यस विषयमा जनकपुरधाम उपमहानगरपालिका वडा नं. ४, जिल्ला प्रशासन कार्यालय जनकपुरधाम र अन्य सम्बन्धित निकायलाई पनि सूचित गरिएको छ।

# नयाँ वर्षको स्वागतमा जानकी मन्दिरमा भव्य दीप प्रज्वलन

**खबर दर्पण समाचारदाता**

**चैत्र ३१ गते, जनकपुरधाम**

याँ वर्ष २०८२ को पूर्वसन्ध्यामा हिन्दू स्वयंसेवक संघ नेपालले जानकी मन्दिर प्रांगणमा भव्य दीप प्रज्वलन गरेको छ।

नववर्षको आगमनलाई सांस्कृतिक उत्सवका रूपमा मनाउने उद्देश्यले आयोजित कार्यक्रमले मन्दिर परिसरलाई झिलिमिली उज्यालोले सजाएको थियो। सयौंको सङ्ख्यामा दीप प्रज्वलन गरिँदा धार्मिक वातावरण झनै भक्तिपूर्ण र उल्लासमय देखिएको थियो।

हिन्दू संस्कृतिको जगेर्ना र परम्परागत उत्सवहरूको प्रवर्द्धन गर्न नियमित रूपमा यस्ता कार्यक्रम गर्दै आएको हिन्दू स्वयंसेवक संघ नेपालले जनाएको छ। दीप प्रज्वलन कार्यक्रममा स्थानीय बासिन्दा, श्रद्धालु तथा युवाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

नयाँ वर्षको स्वागतसाथै राष्ट्रिय एकता र धार्मिक सहिष्णुता सन्देश फैलाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको संघका प्रतिनिधिहरूले बताए।


## नव वर्ष २०८२ शुभकामना

**गौशला नगरपालिका, महोत्तरी**

नव वर्ष २०८२ को सुखद अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**डा. दिपेन्द्र महतो**
मेयर
**गौशला नगर**
पालिका, महोत्तरी

**जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं।**

## नव वर्ष २०८२ शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**पूर्ण बहादुर बल (वडा अध्यक्ष)**
**वर्दिवास नगरपालिका-११,महोन्तरी**

## नव वर्ष २०८२ शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**बिजय महतो (वडा अध्यक्ष)**
**वर्दिवास नगरपालिका-१४,महोन्तरी**

## नव वर्ष २०८२ शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**समशेर सिंह लामा (वडा अध्यक्ष)**
**वर्दिवास नगरपालिका-८,महोन्तरी**

## नव वर्ष २०८२ शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**पदम बहादुर आलेमगर (वडा अध्यक्ष)**
**वर्दिवास नगरपालिका-३,महोन्तरी**

## नव वर्ष २०८२ शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**जिल्ला ट्राफिक कार्यालय**
**वर्दिवास, महोन्तरी परिवार**

## नव वर्ष २०८२ शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विराट विस्ट (वडा अध्यक्ष)**
**वर्दिवास नगरपालिका-३,महोन्तरी**

## नव वर्ष २०८२ शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**गौतम स्टिल फर्निचर उद्योग**
**वर्दिवास, महोन्तरी**

## नव वर्ष २०८२ शुभकामना

नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**इलाका प्रहरी कार्यालय**
**वर्दिवास, महोन्तरी परिवार**

# जनकपुरधाममा दिनदहाडै बैंक लुटपाटको प्रयास

**खबर दर्पण समाचारदाता**
**चैत्र ३१ गते, बर्दिबास**

जनकपुर उपमहानगरपालिका-४ रामचोकस्थित सेन्ट्रल फाइनान्स बैंकमा आइतवार दिउँसो एक युवकले नक्कली पेस्तोल देखाएर लुटपाट गर्ने प्रयास गरेका छन्।

सर्लाही जिल्ला कविलासी नगर पालिका-८ का २८ वर्षीय संजय साह नामक व्यक्तिले बैंकमा प्रवेश गरी कर्मचारी हरूलाई डर त्रास देखाउँदै लुटपाट गर्ने प्रयास गरेका थिए। घटना देखेका सर्वसाधारणले सशस्त्र प्रहरी बल नं. ८ गणलाई तुरुन्तै खबर गरेका थिए। सशस्त्र प्रहरी निरीक्षक बाबुकाजी कटवालको नेतृत्वमा खटिएको प्रहरी टोली घटनास्थलमा पुगेर चेकजाँच गर्दा साहको साथबाट नक्कली पेस्तोल बरामद गरिएको हो। साहलाई तत्काल नियन्त्रणमा लिएर प्रारम्भिक अनुसन्धानपछि नेपाल प्रहरीलाई जिम्मा लगाइएको सशस्त्र प्रहरीले जनाएको छ। पक्राउ परेका साहलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय धनुषा पठाइएको छ। प्रहरीले बैंक तथा वित्तीय संस्थाहरूमा सुरक्षा सतर्कता बढाउन सर्वसाधारण र सम्बन्धित निकायलाई आग्रह गरेको छ।

# मधेश प्रदेशमा २ गत्ते सार्वजनिक विदा

**खबर दर्पण समाचारदाता**
**चैत्र ३१ गते, बर्दिबास**

मधेश प्रदेश सरकारले जुड शितलको अवसरमा सार्वजनिक विदा दिने भएको छ।

मधेश प्रदेश सरकार अन्तर्गतको गृह संचार तथा कानून मन्त्रालयले आज एक सूचना जारी गर्दै मधेस प्रदेशमा मनाइने जुड़ शितल (सिरुवा) पर्वलाई लिएर वैशाख २ गते सार्वजनिक विदा दिएको जानकारी गराएको छ।

२०८१ चैत २२ गते २०८२ सालमा दिइने थप विदा सम्बन्धि प्रकाशित राजपत्र बमोजिम प्रदेश सरकारले वैशाख २ गते सार्वजनिक विदा दिने निर्णय गरेको हो।

मधेश प्रदेशमा प्रत्येक वर्ष वैशाख २ गत्ते धुमधामका साथ जुड शितल मनाइन्छ। यस क्षेत्रमा ठूलाबडा संग जुडाएर आर्शिवाद लिनुका साथै, हिलो खेल्ने परम्परा रहिआएको छ।


## नव वर्ष २०८२ शुभकामना
### एकडारा गाउँपालिका, महोत्तरी

नव वर्ष २०८२ को अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**दीपनारायण मण्डल**
मेयर
**एकडारा गाउँपालिका**

सडक हामी सबैको साँझा सम्पती हो। सडक सिमा अतिक्रमण नगरौं।

## नव वर्ष २०८२ शुभकामना
### रामगोपालपुर नगरपालिका, महोत्तरी



नव वर्ष २०८२ को अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**रामदुलार साह**
मेयर
रामगोपालपुर नगर पालिका, महोत्तरी

**जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं।**

## नव वर्ष २०८२ शुभकामना
### भंगहा नगरपालिका, महोत्तरी

नव वर्ष २०८२ को अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**संजिव साह**
मेयर
भंगहा नगर पालिका, महोत्तरी

**सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं। भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं।**

## नव वर्ष २०८२ शुभकामना
### मनरासिस्वा नगरपालिका, महोत्तरी



नव वर्ष २०८२ को अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**मोहन पाण्डे**
मेयर
मनरासिस्वा नगर पालिका, महोत्तरी

**जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं।**

## नव वर्ष २०८२ शुभकामना
### सोनमा गाउँपालिका, महोत्तरी



नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विशेश्वर प्रसाद यादव**
अध्यक्ष
**सोनमा गाउँपालिका, महोत्तरी**

## नव वर्ष २०८२ शुभकामना
### वर्दिवास नगरपालिका, महोत्तरी



नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**प्रहलाद कुमार क्षेत्री**
मेयर
**वर्दिवास नगर** पालिका, महोत्तरी

**जथाभावी रुखविरुवा कटानीले पर्यावरणमा गम्भिर असर परेकोले पुरानो रुख काटेको ठाउँ वरपर कम्तिमा ५ वटा रुख लगाऔं।**

## नव वर्ष २०८२ शुभकामना
### औरही नगरपालिका, महोत्तरी



नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**प्रदीप कुमार खड्का**
मेयर
**औरही नगर** पालिका, महोत्तरी

सडक हामी सबैको साँझा सम्पती हो। सडक सिमा अतिक्रमण नगरौं।

## नव वर्ष २०८२ शुभकामना
### मठिहानी नगरपालिका, महोत्तरी



नव वर्ष २०८२ को पावन अवसरमा सम्पूर्ण नगरवासी ,इष्टमित्र, सहयोगी , शुभचिन्तकहरुमा सु-स्वास्थ्य, दिर्घायू तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**हरिप्रसाद मण्डल**
मेयर
**मठिहानी नगर** पालिका, महोत्तरी

**सार्वजनिक हितको विषयमा आफ्नो आवाज बुलन्द गरौं। भ्रष्टाचार, अनियमितता विरुद्ध खुलेर बोलौं।**


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,